नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

वन पैदावार विकास समिति

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं

---

# वन पैदावार विकास समिति
# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

---

[समितिको ६२९ औ बैठकबाट स्वीकृत]

मिति २०८३।०५।०९

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन पैदावार विकास समिति
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं
२०३३

# विषयसूची


परिच्छेद-१. प्रारम्भिक ............ १

१.१ परिचय ............ १

१.२ कार्यक्षेत्र ............ १

१.३ कार्यविधिको उद्देश्य ............ २

१.४ कार्यविधिको दायरा ............ २

परिच्छेद-२ कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन विधि ............ ४

भाग १: नर्सरी व्यवस्थापन ............ ४

१.१ बिरुवा उत्पादन ............ ४

१.२ मौज्दात विरुवा व्यवस्थापन तथा स्याहार सम्भार ............ ५

१.३ नर्सरी मर्मत सम्भार ............ ६

भाग २: वन विकास ............ ७

२.१ वृक्षारोपण ............ ७

२.२ वृक्षारोपण गोडमेल, २.३ कपिस डबलिङ्ग/सिङ्गलिङ, २.४ क्लाइम्बर कटिङ, २.५ पुनरोपण ............ ८

२.६ साल वनमा थिनिङ प्लान तयारी; २.७ वन वृद्धि मोडलका लागि तथ्याङ्क संकलन ............ ९

भाग ३: वन संरक्षण ............ १०

३.१ दैनिक ज्यालादारी चौकीदार, ३.२ दैनिक ज्यालादारी चौकीदार/सवारी चालकलाई पोशाक खरिद तथा ३.३ दैनिक ज्यालादारी सवारी चालक ............ १०

३.४ वन डढेलो नियन्त्रण ............ ११

३.५ संरक्षणमा स्थानीय सहयोग अभिवृद्धि ............ १३

३.६ एकीकृत गस्ती परिचालन, ३.७ गस्ती टोलीलाई खाजा खर्च ३.८ फिल्डमा चोटपटकको प्राथमिक उपचार तथा ३.९ वन संरक्षण गस्ती परिचालन (इन्धन) ३.१४ सवारी बिग्रिएको वेला भाडा गाडी लिने ............ १४

३.१० अतिक्रमण नियन्त्रण व्यवस्थापन; ३.१२ फायर लाइन मर्मत; ३.१३ तारवार मर्मत; ............ १५

३.११ वन अपराध नियन्त्रणको लागि सूचनादाता परिचालन ............ १६

भाग ४: वन पैदावार उत्पादन ............ १७

कार्यक्रमको ४.१ देखि ४.१०सम्म ............ १७

भाग ५: समन्वय तथा प्रसार ............ १९

कार्यक्रमको ५.१ देखि ५.४ सम्म ........ १९

भाग ६: निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च ........ २०

कार्यक्रमको ६.१ देखि ६.१० र ६.१७ को ........ २०

कार्यक्रमको ६.११ देखि ६.१४ सम्मको ........ २१

६.१५ सःमील मर्मत तथा व्यवस्थापन ६.१६ ट्रिटमेन्ट प्लान्ट सञ्चालन मर्मत तथा व्यवस्थापन ...... २२

भाग ७: सीप विकास तालिम तथा गोष्ठी ........ २३

७.१ वार्षिक प्रगति समीक्षा गोष्ठी; ७.२ संरक्षण समन्वय गोष्ठी; ७.३ योजना तर्जुमा कार्यक्रम ........ २३

७.४ कर्मचारी क्षमता अभिवृद्धि तालिम तथा गोष्ठी ........ २४

७.५ परियोजना क्षेत्रसँग जोडिएका स्थानीयलाई सशक्तिकरण तथा सिप विकास तालिम ........ २५

भाग ८: अन्य सार्वजनिक निर्माण ........ २६

८.१ खानेपानी व्यवस्थापन ८.२ लगयार्ड व्यवस्थापन ........ २६

कार्यक्रमको ८.३ देखि ८.६ सम्मका कार्य ........ २६

भाग ९: मेसिनरी तथा औजार ........ २७

कार्यक्रमको ९.१ देखि ९.५ सम्म ........ २७

भाग १०: सवारी साधन ........ २८

१०.१ मोटरसाइकल खरिद ........ २८

भाग ११: अन्य विविध कार्यक्रम ........ २९

११.१ उत्कृष्ट कर्मचारी पुरस्कार तथा प्रोत्साहन ........ २९

भाग १२: वन पैदावार बिक्री व्यवस्थापन सफ्टवेयर निर्माण (ब.शि.नं.२२४११/ केन्द्रीय कार्यालय) ...... ३०

# परिच्छेद-१
## प्रारम्भिक

### १.१ परिचय

वन पैदावारको उत्पादन, संरक्षण, विकास, व्यवस्थापन तथा सदुपयोग गरी वन क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्ने, वन पैदावारको दिगो आपूर्ति तथा बिक्री वितरणबाट राजश्व र संस्थागत आम्दानी वृद्धि गर्ने र वातावरणीय सन्तुलन कायम राख्न सहयोग पुऱ्याउने उद्देश्यले वन पैदावार विकास समिति गठन आदेश, २०३३ (संशोधन सहित) बमोजिम वन पैदावार विकास समिति गठन भएको हो।

समितिले आफ्नो उद्देश्यअनुरूप वन व्यवस्थापन, वृक्षारोपण, वन संरक्षण, वन पैदावार उत्पादन, संकलन, प्रशोधन तथा बिक्री वितरण लगायतका कार्यहरू सञ्चालन गर्दै आएको छ। हाल समितिको केन्द्रीय कार्यालय तथा मातहतका सागरनाथ वन विकास परियोजना, सर्लाही र रतुवामाई वृक्षारोपण आयोजना, केर्खा, झापामार्फत वन विकास तथा व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

नेपालको बदलिँदो प्रशासनिक, आर्थिक तथा वातावरणीय परिवेशअनुरूप समितिका स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटलाई प्रभावकारी, पारदर्शी, मितव्ययी र परिणाममुखी ढङ्गले कार्यान्वयन गर्न कार्यक्रम सञ्चालन प्रक्रियामा एकरूपता, जिम्मेवारीको स्पष्टता तथा अनुगमन र मूल्याङ्कनको प्रभावकारी व्यवस्था आवश्यक रहेको हुँदा यो वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ तयार गरिएको हो।

### १.२ कार्यक्षेत्र

यस कार्यविधिले वन पैदावार विकास समितिको केन्द्रीय कार्यालय तथा मातहतका सागरनाथ वन विकास परियोजना, सर्लाही र रतुवामाई वृक्षारोपण आयोजना, केर्खा, झापाबाट आ.व. २०८३/०८४ मा सञ्चालन हुने स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयनलाई समेट्नेछ।

स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रही नर्सरी व्यवस्थापन, वृक्षारोपण तथा वृक्षारोपण सम्भार, वन संरक्षण, वन पैदावार उत्पादन तथा बिक्री व्यवस्थापन, पूर्वाधार तथा सार्वजनिक सम्पत्तिको मर्मत सम्भार, मेसिनरी तथा औजार व्यवस्थापन, कर्मचारी क्षमता अभिवृद्धि, समन्वय तथा प्रचार–प्रसार, अध्ययन अनुसन्धान तथा अन्य स्वीकृत कार्यक्रम/क्रियाकलापहरू यस कार्यविधिबमोजिम सञ्चालन गरिनेछ।

कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्दा स्वीकृत वार्षिक कार्यक्रम, विनियोजित बजेट, प्रचलित ऐन, नियम, निर्देशिका, मापदण्ड तथा समितिबाट स्वीकृत निर्णयको अधीनमा रही कार्यसम्पादन गर्नुपर्नेछ।

१.३ कार्यविधिको उद्देश्य

स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्न कार्यक्रम सञ्चालन गर्ने निकाय तथा कर्मचारीहरूबीच साझा बुझाइ, कार्यान्वयनमा एकरूपता, सरलता तथा जिम्मेवारीको स्पष्टता कायम गर्नु यस कार्यविधिको मुख्य उद्देश्य हुनेछ।

यस कार्यविधिका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

(क) स्वीकृत वार्षिक कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयन प्रक्रियामा स्पष्टता र एकरूपता कायम गर्नु।

(ख) स्वीकृत बजेटको प्रभावकारी, मितव्ययी, पारदर्शी तथा परिणाममुखी रूपमा उपयोग सुनिश्चित गर्नु।

(ग) कार्यक्रम तथा क्रियाकलापको परिमाणात्मक तथा गुणात्मक उपलब्धि सुनिश्चित गर्नु।

(घ) वन संरक्षण, वृक्षारोपण, वन विकास तथा वन पैदावार उत्पादन र बिक्री व्यवस्थापनलाई प्रभावकारी बनाउनु।

(ङ) वन पैदावारको उत्पादन, प्रशोधन तथा बिक्री वितरणलाई व्यवस्थित गरी समितिको आन्तरिक आम्दानी तथा संस्थागत दिगोपनामा योगदान पुऱ्याउनु।

(च) कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनु।

(छ) कार्यक्रम सञ्चालनमा संलग्न कर्मचारी तथा सम्बन्धित सरोकारवालाहरूका लागि साझा प्रक्रिया तथा मार्गदर्शन उपलब्ध गराउनु।

१.४ कार्यविधिको दायरा

यस कार्यविधिले आ.व. २०८३/०८४ का लागि समितिबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटअन्तर्गत सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलापहरूको पृष्ठभूमि, उद्देश्य, कार्यान्वयन प्रक्रिया, अपेक्षित उपलब्धि, जनशक्ति व्यवस्थापन, अनुगमन तथा अभिलेखीकरणसम्बन्धी विषयहरूलाई समेट्नेछ। फिल्डको आवश्यकता अनुसार फिल्ड प्रतिवेदन र औचित्यताको आधारमा केहि संसोधन गर्नु पर्ने भएमा चालु आ.व.को फागुन मसान्त भित्र केन्द्रीय समितिको बैठकले संसोधन गर्न सक्नेछ।

यस कार्यविधिअन्तर्गत मुख्य रूपमा नर्सरी व्यवस्थापन, वन विकास तथा वृक्षारोपण, वन संरक्षण, वन पैदावार उत्पादन तथा बिक्री व्यवस्थापन, समन्वय तथा प्रचार–प्रसार, निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार, सीप विकास तालिम तथा गोष्ठी, सार्वजनिक निर्माण, मेसिनरी तथा औजार व्यवस्थापन र अन्य स्वीकृत विविध कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गरिनेछन्।

कार्यक्रम सञ्चालन गर्दा देहायका विषयहरूमा विशेष ध्यान दिनुपर्नेछ:

(क) स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको परिमाण, लक्ष्य तथा विनियोजित बजेटको सीमाभित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(ख) कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्दा प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिदसम्बन्धी कानुन, वनसम्बन्धी कानुन, समितिको गठन आदेश, सम्बन्धित नियमावली, निर्देशिका, मापदण्ड तथा अन्य प्रचलित कानुनको पालना गर्नुपर्नेछ।

(ग) कार्यक्रमको प्रकृति, आवश्यकता तथा स्वीकृत बजेटअनुसार लागत अनुमान तथा कार्ययोजना तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्नेछ।

(घ) निर्माण, मर्मत सम्भार, खरिद, सेवा तथा अन्य कार्यहरू प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनबमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक वा अन्य स्वीकृत माध्यमबाट सञ्चालन गर्न सकिनेछ।

(ङ) प्राविधिक प्रकृतिका कार्यहरू सम्बन्धित प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेख तथा जाँचपासमा सञ्चालन गर्नुपर्नेछ।

(च) अमानतबाट सञ्चालन गर्न मिल्ने कार्यहरू प्रचलित कानुन तथा स्वीकृत कार्यविधिबमोजिम आवश्यक जनशक्ति परिचालन गरी सञ्चालन गर्न सकिनेछ।

(छ) भौतिक रूपमा सम्पादन हुने कार्यहरूको आवश्यकताअनुसार नापी किताब (Measurement Book), डोर हाजिरी, कार्य सम्पन्न प्रतिवेदन, जाँचपास तथा अन्य आवश्यक अभिलेख व्यवस्थित रूपमा राख्नुपर्नेछ।

(ज) कार्यक्रम सञ्चालनका क्रममा आवश्यकतानुसार सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय, वनसम्बन्धी निकाय तथा अन्य सरोकारवालासँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

(झ) कार्यक्रम सम्पन्न भएपछि उपलब्धि, खर्च तथा कार्यसम्पादनको विवरण तयार गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ञ) कार्यक्रम सञ्चालन स्थलमा आवश्यकताअनुसार लागत अनुमान, कार्यक्रमको नाम, स्वीकृत बजेट, कार्यान्वयन अवधि तथा अन्य आवश्यक विवरण खुल्ने सूचना पाटी राख्नुपर्नेछ।

(ट) भौतिक रूपमा सम्पादन भएका कार्यक्रम तथा क्रियाकलापहरूको आवश्यकताअनुसार कार्य सम्पन्न भएपछि Activity Profile तयार गरी अभिलेख राख्नुपर्नेछ।

(ठ) स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा उल्लेख नभएका नयाँ कार्यक्रम वा क्रियाकलाप सञ्चालन गर्नुपरेमा प्रचलित कानुन तथा अधिकारप्राप्त निकायबाट आवश्यक स्वीकृति प्राप्त गर्नुपर्नेछ।

# परिच्छेद-२
# कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन विधि

आ.व. २०८३/०८४ को स्वीकृत प्रस्तावित कार्यक्रम अनुसार यस समिति र मातहतका आयोजना/परियोजनाहरूले सञ्चालन गर्ने कार्यक्रम/क्रियाकलापहरूलाई देहाय बमोजिम एघार (११) भागमा विभाजन गरी हरेक क्रियाकलापको पृष्ठभूमि, उद्देश्य, कार्यान्वयन प्रक्रिया, अपेक्षित उपलब्धि, जनशक्ति व्यवस्थापन र अनुगमन योजना देहायबमोजिम तोकिएको छः

## भाग १ः नर्सरी व्यवस्थापन

### १.१ बिरुवा उत्पादन

पृष्ठभूमि

आयोजना/परियोजना अन्तर्गत वार्षिक वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न र वृक्षारोपण गरी बाँकी रहने बिरुवा बिक्रीका लागि पर्याप्त संख्यामा गुणस्तरीय पोलिब्याग बिरुवा आवश्यक पर्ने हुँदा नर्सरीहरूमा विरुवा उत्पादन गरिनेछ।

उद्देश्य

वृक्षारोपण गर्न तथा वृक्षारोपण गरी बाँकी रहेका विरुवा बिक्रीका लागि गुणस्तरीय पोलिब्याग बिरुवाहरू उत्पादन गर्नु।

कार्यान्वयन प्रक्रिया

(क) आवश्यकता पहिचानः वार्षिक वृक्षारोपण कार्यक्रम बमोजिम आवश्यक पर्ने बिरुवाको प्रजाति र संख्या नर्सरी शाखाले निर्धारण गर्नेछ।

(ख) लागत इस्टिमेट र स्वीकृतिः बिउ, पोलिथिन ब्याग, दाउरा, माटो/वालुवा र श्रमिक ज्यालाको आवश्यकता समेटी प्राविधिक कर्मचारीले इस्टिमेट तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनेछ।

(ग) सामग्री खरिदः पोलिथिन ब्याग, ग्रिननेट, औषधि, औजार, ट्रे आदि बजारबाट खरिद गर्नुपर्ने सामग्रीहरू स्वीकृत इस्टिमेट बमोजिम बजेटको सीमा हेरी सोझै, कोटेशन, सिलबन्दी दरभाउपत्र वा बोलपत्रबाट खरिद गरिनेछ।

(घ) उत्पादन कार्यविधिः बिउ संकलन/खरिद, दाउरा संकलन, माटो/वालुवा संकलन तथा मिश्रण गरी भुट्ने, पोलिथिन थैला भर्ने, बीउ छर्ने, ट्रान्सप्लान्ट गर्ने, गोडमेल, रुट प्रुनिङ र सिँचाइ कार्य क्रमशः सम्पन्न गरिनेछ।

(ङ) अभिलेखीकरणः उत्पादित बिरुवाको प्रजाति र संख्या नर्सरी रजिष्टरमा अद्यावधिक गरी कार्यालय प्रमुखबाट प्रमाणित गराइनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) रकमबाट कार्यान्वयन गरिनेछ।

(च) ज्याला भुक्तानीः नर्सरी श्रमिकको हाजिरीका आधारमा क्रियाकलापको अनुगमन र जाँचपास पश्चात ज्याला भुक्तानी गरिनेछ।

अपेक्षित उपलब्धि

लक्षित परिमाण अनुसार गुणस्तरीय बिरुवा उत्पादन भई वृक्षारोपण सहज हुनेछ।

जनशक्ति व्यवस्थापन

बाँकी कार्य प्राविधिक कर्मचारीको नेतृत्वमा अमानतबाट ज्यालादारी श्रमिक परिचालन गरी सम्पन्न गरिनेछ।

अनुगमन योजना

- नर्सरीको स्थान र सञ्चालन गरिएका कार्यहरुको फोटो।
- उत्पादित बिरुवाको प्रजाति र सङ्ख्या।
- कार्यालय प्रमुखबाट प्रमाणित नर्सरी रजिष्टरको प्रतिलिपि।
- कार्यक्रमको कार्य सम्पन्न प्रगति प्रतिवेदन।
- जाँचपास, नापी तालिका तथा डोर हाजिर।

१.२ मौज्दात विरुवा व्यवस्थापन तथा स्याहार सम्भार

पृष्ठभूमि

अघिल्लो आर्थिक वर्षमा नर्सरीमा उत्पादन भई मौज्दात रहेको विरुवालाई नियमित स्याहार नपुगे बिरुवाको गुणस्तर घट्ने र मर्ने सम्भावना रहने भएकाले यस्ता मौज्दात बिरुवाको उचित स्याहार सम्भार आवश्यक हुन्छ।

उद्देश्य

अघिल्लो आ.व.को मौज्दात रहेको विरुवालाई उचित स्याहार सम्भार गरी बिरुवाको बाँच्ने दर र गुणस्तर उच्च कायम राख्ने।

कार्यान्वयन प्रक्रिया

(क) अवस्था पहिचानः नर्सरी शाखाले अघिल्लो आ.व.को मौज्दात विरुवाको प्रजाति, संख्या र स्याहार आवश्यकता पहिचान गरी प्राविधिक प्रतिवेदन लिनुपर्ने छ।

(ख) लागत इस्टिमेट र स्वीकृतिः आवश्यक मल/औषधि, सामग्री र श्रमिक ज्यालाको इस्टिमेट प्राविधिक कर्मचारीले तयार गरी स्वीकृत गराउनेछ।

(ग) सामग्री खरिदः औषधि/मल लगायत बजारबाट खरिद गर्नुपर्ने सामग्री स्वीकृत इस्टिमेट बमोजिम सोझै/कोटेशनबाट खरिद गरिनेछ।

(घ) स्याहार कार्यविधिः नियमित सिंचाइ, गोडमेल, रुट प्रुनिङ्ग, र आवश्यकता अनुसार रोगकिरा नियन्त्रण तथा विरुवा स्थानान्तरण गरिनेछ।

(ङ) ज्याला भुक्तानीः डोर हाजिरीका आधारमा क्रियाकलापको अनुगमन र जाँचपास पश्चात श्रमिक ज्याला भुक्तानी गरिनेछ।

(च) अभिलेखीकरणः स्याहार सम्भार पछिको जीवित विरुवाको संख्या नर्सरी रजिष्टरमा अद्यावधिक गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

मौज्दात विरुवाको क्षति न्यून भई वृक्षारोपणमा प्रयोग हुनेछ।

जनशक्ति व्यवस्थापन

प्राविधिक कर्मचारीको नेतृत्वमा अमानतबाट ज्यालादारी श्रमिक परिचालन गरी कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- मौज्दात तथा स्याहार सम्भार पछिको जीवित विरुवाको प्रजाति र सङ्ख्याको विवरण।
- स्याहार सम्भार कार्यको फोटो।
- कार्यक्रमको कार्य सम्पन्न प्रगति प्रतिवेदन।
- जाँचपास, नापी तालिका (Measurement Book) तथा डोर हाजिर।

१.३ नर्सरी मर्मत सम्भार

पृष्ठभूमि

परियोजनाको मुर्तिया र सागरनाथ तथा आयोजनाको केरखाका नर्सरीका भौतिक संरचना समयसँगै जीर्ण हुँदै गएकाले विरुवा उत्पादन सुरु हुनु अघि तिनको मर्मत जरुरी हुन्छ।

उद्देश्य

परियोजनाको मुर्तिया र सागरनाथ तथा आयोजनाको केरखाका नर्सरीको संरचना मर्मत गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) आवश्यकता पहिचानः प्राविधिक कर्मचारीले नर्सरीहरूको भौतिक अवस्था स्थलगत निरीक्षण गरी मर्मत गर्नु पर्ने आवश्यक भाग पहिचान गर्नेछ।

(ख) लागत इस्टिमेट र स्वीकृतिः तारवार, वेड, सेड, बाटो, नाला, सिँचाइ पूर्वाधार मर्मतको इस्टिमेट प्राविधिकले तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनेछ।

(ग) सामग्री खरिद तथा निर्माणः बजारबाट खरिद गर्नुपर्ने निर्माण सामग्री स्वीकृत इस्टिमेट बमोजिम सोझै, कोटेशन, सिलबन्दी दरभाउपत्र वा बोलपत्रबाट खरिद गरी मर्मत/निर्माण कार्य सञ्चालन गरिनेछ।

(घ) प्राविधिक जाँचः सम्पन्न भएको मर्मत/निर्माण कार्यको प्राविधिकबाट नाप-जाँच गराइनेछ।

(ङ) भुक्तानीः डोर हाजिर, बिल, कार्य सम्पन्न प्रतिवेदन र जाँचपासको आधारमा अन्तिम भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट आ.व. २०८३/०८४ बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

नर्सरी पूर्वाधार सुदृढ भई गुणस्तरीय विरुवा उत्पादन क्षमता वृद्धि हुनेछ।

जनशक्ति व्यवस्थापन

बजारबाट खरिद गर्नु पर्ने सामाग्री बाहेकको कार्य प्राविधिक कर्मचारीको नेतृत्वमा अमानतबाट ज्यालादारी श्रमिक परिचालन गरी सम्पन्न गरिनेछ।

अनुगमन योजना

- मर्मत गरिएको नर्सरीको फोटो।
- कार्य सम्पन्न प्रतिवेदन।
- नापी तालिका (Measurement Book) तथा डोर हाजिर।

## भाग २: वन विकास

### २.१ वृक्षारोपण

पृष्ठभूमि

व्यवस्थापन योजना/स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कटान-मुछान भई खाली हुन आउने वा अतिक्रमण फिर्ता ल्याइएका र पहिलेदेखि नै खाली रहेका प्लटहरूमा नयाँ वृक्षारोपण नगरे अतिक्रमण हुने सम्भावना बढ्ने तथा वन उत्पादकत्वमा ह्रास आउने भएकोले वृक्षारोपण गर्न आवश्यक रहेको।

उद्देश्य

खाली तथा सरपट कटान गरिएका प्लटहरूमा झाडी सफाइ गरी छिटो बढ्ने काठ प्रजातिको वृक्षारोपण गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) क्षेत्र पहिचानः व्यवस्थापन योजना/स्वीकृत वार्षिक कार्यक्रम अनुसार कटान-मुछान भई खाली हुन आउने, अतिक्रमण फिर्ता ल्याइएका र पहिलेदेखि खाली रहेका प्लटहरू प्राविधिक कर्मचारीले पहिचान गर्नेछ।

(ख) लागत इस्टिमेट र स्वीकृतिः बिरुवा संख्या, ढुवानी र श्रमिक ज्यालाको इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) काँडेतार, युनेल लगायतका बजारबाट खरिद गर्नुपर्ने सामग्रीहरू लगत इस्टिमेट बमोजिम सोझै, कोटेशन, सिलबन्दी दरभाउपत्र र बोलपत्रबाट खरिद गरिनेछ।

(घ) झाडी सफाइः रोपण अघि क्षेत्रको झाडी सफाइ गरिनेछ।

(ङ) फेन्सीङ्ग कार्यविधिः फेन्सिङ्ग पोल संकलन, सर्वे एलाइमेन्ट, दुरी निर्धारण, प्वाकल खनि पोल गाड्ने, तार ठोक्ने, कस्ने लगायतका आदि कार्य गरिनेछ।

(च) वृक्षारोपण कार्यविधिः सर्वेक्षण, दुरी निर्धारण, एलाइनमेन्ट, प्वाकल खन्ने, नर्सरीबाट बिरुवा ढुवानी (इन्धन समेत) आदि कार्य गरी तोकिएको मौसम/समयावधिभित्र रोपण सम्पन्न गरिनेछ।

(छ) प्रारम्भिक स्याहारः रोपिएका बिरुवाको स्याहार-सम्भार र रेखदेख गरिनेछ।

(ज) अभिलेखीकरण/भुक्तानीः तारबारको किसिम र लम्बाई, वृक्षारोपण गरिएको क्षेत्रफल, जिपिएस लोकेशन र प्रजाति/संख्या अभिलेख गरी नापी तालिका र कार्य सम्पन्न प्रतिवेदन र जाँचपासको आधारमा भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट आ.व. २०८३/०८४ रकमबाट कार्यान्वयन गरिनेछ।

### अपेक्षित उपलब्धि

व्यवस्थापन योजना/स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कटान मुछान भई खाली हुन आउने वा अतिक्रमण क्षेत्र फिर्ता ल्याई वृक्षारोपण गर्नु पर्ने क्षेत्र वा पहिले देखिनै खाली रहेका भू-भागमा नयाँ वृक्षारोपण भई वनको उत्पादकत्व वृद्धि हुनेछ।

### जनशक्ति व्यवस्थापन

बजारबाट खरिद गर्नु पर्ने सामाग्री बाहेकका कार्य प्राविधिक कर्मचारीको नेतृत्वमा अमानतबाट ज्यालादारी श्रमिक परिचालन गरी सम्पन्न गरिनेछ।

### अनुगमन योजना

- वृक्षारोपण गरिएको क्षेत्रफल (हेक्टर) र जिपिएस लोकेशन सहितको नक्सा।
- तारबारको किसिम र लम्बाई।
- रोपिएका बिरुवाको प्रजाति र सङ्ख्या।
- वृक्षारोपण, तारबार कार्यका अघि पछि कार्य भै रहेको तस्विरहरू।
- नापी तालिका (Measurement Book) तथा डोर हाजिर।
- कार्य सम्पन्न प्रतिवेदन र जाँचपास।

## २.२ वृक्षारोपण गोडमेल, २.३ कपिस डबलिङ्ग/सिङ्गलिङ, २.४ क्लाइम्बर कटिङ, २.५ पुनरोपण

### पृष्ठभूमि

वृक्षारोपण गरिएका र कपिस पलाएका क्षेत्रमा नियमित स्याहार-सम्भार नगरे झाडीले ढाकिने, लहरा नकाटे वृद्धिदर घट्ने र डढेलोको जोखिममा पर्ने हुन्छ, विरुवा मरेको ठाउँमा पुनरोपण नगरे बिरुवाको उत्पादकत्वमा ह्रास हुने जमिनको पूर्ण उपयोग नहुने भएकोले वृक्षारोपण सम्भार कार्य वार्षिक रूपमा गर्नुपर्ने हुन्छ।

### उद्देश्य

रोपण गरिएका तथा कपिस पलाएका क्षेत्रमा गोडमेल, डबलिङ्ग/सिङ्गलिङ, क्लाइम्बर कटिङ, पुनरोपण गरी रुखको वृद्धिदर बढाउनु र डढेलोबाट जोगाउने।

### कार्यान्वयन प्रक्रिया

(क) क्षेत्र मूल्याङ्कनः अघिल्लो वर्षहरूमा रोपिएका विरुवाहरुको सर्वाइवल (Survival) र बहुसंख्यामा कपिस पलाएका क्षेत्रको अवस्था तथा लहरा भएको क्षेत्र प्राविधिक कर्मचारीले स्थलगत मूल्याङ्कन गर्नेछ।

(ख) लागत इस्टिमेट र स्वीकृतिः सम्भार गरिने क्षेत्रफल र श्रमिक आवश्यकताको इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) सम्भार कार्यविधिः गोडमेल, कपिस डब्लिङ/सिङ्गिलङ (Coppice Singling), Climber Cutting, मरेका ठाउँमा पुनरोपण कार्य क्रमशः गरिनेछ। पुनःरोपनको लागि फिल्डको प्राविधिक प्रतिवेदको आधारमा लागत ईस्टमेट गरी कार्यान्वयन गरिनेछ ।

(घ) आवश्यक सामग्री बजारबाट खरिद गर्नुपर्नेमा लगत इस्टिमेट बमोजिम सोझै, कोटेशन, सिलबन्दी दरभाउपत्र र बोलपत्रबाट खरिद गरिनेछ।

(ङ) अभिलेखीकरण र भुक्तानीः सम्भार गरिएको क्षेत्रफल, जीवित बिरुवाको प्रतिशत (Survival Rate) अभिलेख गरी क्रियाकलापको अनुगमन र जाँचपासको आधारमा भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट आ.व. २०८३/०८४ रकमबाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

रुखहरूको वृद्धिदर र गुणस्तरमा सुधार भई वनको उत्पादकत्व वृद्धि हुनेछ।

जनशक्ति व्यवस्थापन

बजारबाट खरिद गर्नु पर्ने सामाग्री बाहेकका कार्य प्राविधिक कर्मचारीको नेतृत्वमा अमानतबाट ज्यालादारी श्रमिक परिचालन गरी सम्पन्न गरिनेछ।

अनुगमन योजना

- सम्भार गरिएको क्षेत्रफल (हेक्टर/कि.मी.)।
- सम्भार कार्य सञ्चालन गरिएका अघि पछि र काम भैरहेको तस्विरहरू।
- जीवित बिरुवाको प्रतिशत (Survival Rate)।
- नापी तालिका (Measurement Book) तथा डोर हाजिर।
- कार्य सम्पन्न प्रतिवेदन तथा जाँचपास।

२.६ साल वनमा थिनिङ प्लान तयारी; २.७ वन वृद्धि मोडलका लागि तथ्याङ्क संकलन

पृष्ठभूमि

साल वनमा वैज्ञानिक थिनिङ कार्य (Thinning-based Silivicultural Opration) सञ्चालन गर्न सर्वेक्षण र स्टक/ईन्भेन्टरीमा आधारित योजना नभई भौतिक थिनिङ कार्य प्रारम्भ गर्न मिल्दैन, त्यसैले पहिला थिनिङ प्लान तयार गर्नुपर्ने हुन्छ। भविष्यमा तयार पारिने योजना तथा अध्ययन अनुसन्धानको लागि समेत यो कार्य गरिनेछ। वृक्षारोपण प्लटहरुमा प्राविधिक सरसल्हा अनुसार प्रजाति अनुसार ग्रोथ मोडेल विकासको लागि तथ्याङ्क संकलन र अभिलेख दुरुस्त राखिनेछ ।

उद्देश्य

साल वनमा पारदर्शी रुपमा वैज्ञानिक थिनिङ (Thinning) कार्य सञ्चालन गर्नका लागि आवश्यक थिनिङ योजना (Thinning Plan) तयार गर्ने र वन वृद्धि मोडलका लागि तथ्याङ्क संकलन गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) क्षेत्र निर्धारणः थिनिङ आवश्यक साल वन क्षेत्र प्राविधिक कर्मचारीले पहिचान गर्नेछ।

(ख) सर्वेक्षण/इन्भेन्टरीः तोकिएको क्षेत्रको स्टक/इन्भेन्टरी सर्वेक्षण गरी वृक्षको घनत्व र संरचना तथ्याङ्क संकलन गरिनेछ।

(ग) प्लान तयारीः परामर्श सेवाप्रदायक संस्थाले थिनिङ प्लान तयार पारी उपलब्ध गराउनेछ।

(घ) स्वीकृतिः तयार भएको प्लान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइनेछ, जुन पछि भौतिक थिनिङ कार्यको आधार हुनेछ। सर्वेक्षण, इन्भेन्टरी र प्राविधिक परामर्श खर्चमा बजेट उपयोग गरिनेछ। स्वीकृत वार्षिक बजेट आ.व. २०८३/०८४ बाट कार्यान्वयन गरिनेछ।

(ङ) तथ्याङ्क संकलन: प्राविधिक कर्मचारीलाई कार्यादेश दिई वन वृद्धि मोडलका लागि तथ्याङ्क सकंलन गरिनेछ ।

अपेक्षित उपलब्धि

वैज्ञानिक व्यवस्थापन योजना तयार भई साल वनको दिगो व्यवस्थापन र उत्पादकत्वमा सुधार हुनेछ।

जनशक्ति व्यवस्थापन

प्राविधिक कर्मचारीको नेतृत्वमा वा आवश्यकता अनुसार सेवा/परामर्श खरिद मार्फत तयार गरिनेछ।

अनुगमन योजना

- तयार भएको थिनिङ प्लानको ३ थान हार्डकपी, सफ्टकपी र प्लानसँग सम्बन्धित तथ्याङ्कहरू।
- वन वृद्धि मोडलका लागि तथ्याङ्क संकलनका विवरणहरू।
- सर्वेक्षण/फिल्ड कार्यको फोटो।
- कार्य सम्पन्न प्रतिवेदन।

## भाग ३: वन संरक्षण

३.१ दैनिक ज्यालादारी चौकीदार, ३.२ दैनिक ज्यालादारी चौकीदार/सवारी चालकलाई पोशाक खरिद तथा ३.३ दैनिक ज्यालादारी सवारी चालक

पृष्ठभूमि

आयोजना/परियोजनाको वन क्षेत्र वन अतिक्रमण, चोरी-शिकारी, अवैध चोरी कटानी र आगलागी नियन्त्रणको निरन्तर जोखिममा रहने भएकाले क्षेत्रगत सुरक्षाका लागि नियमित चौकीदारी/गस्ती आवश्यक हुन्छ।

उद्देश्य

वन अतिक्रमण, चोरी-शिकारी, अवैध चोरी कटानी र आगलागी हुनबाट आयोजना/परियोजनाको वन क्षेत्रको सुरक्षा गर्नु साथै आयोजना/परियोजनाको कार्यालय, लगयार्ड तथा आवास क्षेत्रको रेखदेख र सुरक्षा गर्नु।

कार्यान्वयन प्रक्रिया

(क) संवेदनशीलताको आधारमा आवश्यक चौकीदार तथा सवारी चालकको संख्या र खटन स्थान सम्बन्धित शाखा प्रमुखले तोक्नेछ।

(ख) खटन र हाजिरीः खटिएका जनशक्तिको दैनिक डोर हाजिर सम्बन्धित शाखा प्रमुखबाट भराइनेछ।

(ग) परिचालनः चौकीदार तथा सवारी चालकलाई वन क्षेत्र, कटान क्षेत्र, लगयार्ड, नर्सरी, मुलगेटमा र गस्ती परिचालन लगायतका काममा प्राविधिक कर्मचारीबाट रेखदेख र नियन्त्रण गर्ने गरी खटाइनेछ।

(घ) भुक्तानीः डोर हाजिरीको आधारमा नियमानुसारको ज्याला र चाडपर्व खर्च भुक्तानी गरिनेछ।

(ङ) पोशाक वितरणः कोटेशन मार्फत खरिद गरी वितरण गरिनेछ। स्वीकृत वार्षिक बजेट आ.व. २०८३/०८४ बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

वन क्षेत्र अतिक्रमण न्यून भई काठ चोरी-निकासी, अतिक्रमण नियन्त्रण र हानि-नोक्सानी नियन्त्रण हुनेछ तथा वन पैदावार उत्पादनमा वृद्धि हुनेछ।

जनशक्ति व्यवस्थापन

स्वीकृत वार्षिक कार्यक्रम अनुसारको संख्या तथा दररेटमा सम्बन्धित शाखा प्रमुखबाट डोर हाजिर भराइ प्राविधिक कर्मचारी मार्फत रेखदेख गराई गस्ती टोलीमा खटिने कर्मचारीहरू परिचालन गरिनेछ।

अनुगमन योजना

- कार्यरत चौकीदारको नामावली र डोर हाजिरी।
- गस्ती लगबुक र उल्लेखनीय फिल्ड गतिविधिको फोटो।
- सम्पादन गरिएका मुख्य कामको प्रगति।
- पोशाक वितरणको रेकर्ड।

## ३.४ वन डढेलो नियन्त्रण

पृष्ठभूमि

वन क्षेत्रमा विशेषगरी सुख्खा मौसममा वन डढेलोको जोखिम उच्च हुने भएकाले वन तथा वन्यजन्तुको संरक्षण, जैविक विविधताको सुरक्षा र वन क्षेत्रभित्र हुने क्षति न्यूनीकरणका लागि समयमै डढेलो नियन्त्रण तथा रोकथामका कार्यहरू सञ्चालन गर्नु आवश्यक हुन्छ। वन डढेलो नियन्त्रणका लागि सम्बन्धित निकाय, स्थानीय समुदाय, वन उपभोक्ता समूह तथा आयोजना/परियोजनाका कर्मचारीबीच समन्वय गरी आवश्यक तयारी तथा परिचालन गर्नुपर्ने हुन्छ।

उद्देश्य

वन डढेलोको जोखिम न्यूनीकरण तथा नियन्त्रण गरी वन, वन्यजन्तु, जैविक विविधता तथा वन पैदावारको संरक्षण गर्ने। डढेलो नियन्त्रणका लागि आवश्यक जनशक्ति, उपकरण तथा सामग्रीको उचित व्यवस्थापन गरी समयमै परिचालन गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) **पूर्वतयारीः** डढेलोको सम्भावित जोखिमयुक्त क्षेत्र पहिचान गरी आवश्यक तयारी तथा नियन्त्रण योजना तयार गरिनेछ।

(ख) **समन्वयः** डिभिजन वन कार्यालय, सुरक्षा निकाय, स्थानीय तह, वन उपभोक्ता समूह, स्थानीय समुदाय तथा सम्बन्धित आयोजना/परियोजनाका कर्मचारीसँग आवश्यक समन्वय गरिनेछ।

(ग) **परिचालनः** वन डढेलो देखिएको वा डढेलोको जोखिम रहेको क्षेत्रमा आवश्यकताअनुसार कर्मचारी, वन रक्षक, स्थानीय समुदाय तथा अन्य सम्बन्धित जनशक्ति परिचालन गरिनेछ।

(घ) **आवश्यक सामग्री तथा खर्च व्यवस्थापनः** डढेलो नियन्त्रणका लागि आवश्यक उपकरण, सुरक्षा सामग्री, पानी, खाजा/खाना, ईन्धन तथा अन्य आवश्यक सामग्रीको व्यवस्थापनमा स्वीकृत बजेट उपयोग गरिनेछ।

(ङ) **डढेलो नियन्त्रण तथा रोकथामः** जोखिमयुक्त क्षेत्रमा डढेलो नियन्त्रण, फायर लाइन निर्माण/मर्मत तथा आवश्यक सरसफाइका कार्यहरू सञ्चालन गरिनेछ।

(च) **अभिलेखीकरणः** डढेलो नियन्त्रण तथा रोकथामका क्रममा भएका मुख्य गतिविधि, परिचालित जनशक्ति तथा खर्चको अभिलेख राखिनेछ। र यसको जानकारी केन्द्रीय कार्यालयमा समेत पठाइनेछ।

अपेक्षित उपलब्धि

वन डढेलोबाट हुने वन, वन्यजन्तु तथा जैविक विविधताको क्षति न्यूनीकरण भई वन संरक्षणमा सहयोग पुग्नेछ। डढेलो नियन्त्रण तथा रोकथामका लागि स्थानीय समुदाय र सम्बन्धित निकायको क्षमता तथा सहभागिता अभिवृद्धि हुनेछ।

जनशक्ति व्यवस्थापन

स्वीकृत वार्षिक कार्यक्रमअनुसार आयोजना/परियोजनाका कर्मचारी, डिभिजन वन कार्यालयका कर्मचारी, वन रक्षक, स्थानीय समुदाय तथा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यकताअनुसार जनशक्ति परिचालन गरिनेछ।

अनुगमन योजना

- वन डढेलो नियन्त्रण तथा रोकथामका मुख्य गतिविधि झल्कने फोटो।
- डढेलो नियन्त्रण/रोकथाम सम्बन्धी अभिलेख तथा प्रतिवेदन।
- परिचालित जनशक्ति तथा सामग्रीको विवरण।

### ३.५ संरक्षणमा स्थानीय सहयोग अभिवृद्धि

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन पैदावार विकास समिति केन्द्रिय कार्यालय, बबरमहल, काठमाडौं 2033

पृष्ठभूमि

वन तथा वन्यजन्तु संरक्षणका कार्यलाई प्रभावकारी बनाउन स्थानीय समुदायको सहयोग, सहभागिता तथा संरक्षणप्रतिको अपनत्व अभिवृद्धि गर्नु आवश्यक हुन्छ। संरक्षण क्षेत्र आसपासका स्थानीय समुदाय तथा संस्थाहरूसँग समन्वय गरी संरक्षणसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका स्थानीय विकासका आवश्यकतामा सहयोग पुऱ्याउँदा संरक्षणप्रति स्थानीय समुदायको सकारात्मक धारणा र सहयोग अभिवृद्धि हुने भएकाले यस कार्यक्रमअन्तर्गत संरक्षणसँग सम्बन्धित स्थानीय विकासका कार्यहरूलाई प्राथमिकताका आधारमा सहयोग गरिनेछ।यो कार्कक्रम दुवै आयोजना/परियोजना अन्तर्गत संचालन गरिनेछ ।

यस अन्तर्गत सागरनाथ माध्यमिक विद्यालयको स्टेज निर्माणको निरन्तरता तथा अन्य शाखासँग जोडिएका क्षेत्रमा आवश्यकता अनुसार वडा कार्यालय सँग सहयोग गर्ने कार्य समेटिनेछ।

उद्देश्य

स्थानीय समुदाय तथा सरोकारवाला संस्थासँगको सम्बन्ध सुदृढ गरी वन तथा वन्यजन्तु संरक्षणमा स्थानीय सहयोग र सहभागिता अभिवृद्धि गर्ने। संरक्षणसँग जोडिएका स्थानीय विकासका आवश्यक कार्यमा सहयोग पुऱ्याई संरक्षणप्रति स्थानीय समुदायको अपनत्व र सकारात्मक धारणा विकास गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) **आवश्यकता पहिचानः** संरक्षणसँग सम्बन्धित वडासँग समन्वय गरी स्थानीय समुदाय, विद्यालय तथा अन्य सरोकारवाला संस्थाका आवश्यकताहरू पहिचान गरिनेछ।

(ख) **समन्वयः** स्थानीय तह, सम्बन्धित विद्यालय, समुदाय, संरक्षण समूह तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ।

(ग) **प्राथमिकता निर्धारणः** उपलब्ध बजेट तथा कार्यक्रमको सीमाभित्र संरक्षणसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध भएका स्थानीय विकासका कार्यलाई प्राथमिकताका आधारमा छनोट गरिनेछ।

(घ) **स्थानीय विकासमा सहयोगः** सागरनाथ माध्यमिक विद्यालयको स्टेज निर्माणको निरन्तरता तथा अन्य शाखासँग जोडिएका क्षेत्रमा आवश्यकताअनुसार सहयोग उपलब्ध गराइनेछ।

(ङ) **सहभागितामूलक कार्यान्वयनः** सम्भव भएसम्म स्थानीय समुदाय तथा सम्बन्धित संस्थाको सहभागिता र समन्वयमा कार्यक्रम कार्यान्वयन गरिनेछ।

(च) **अभिलेखीकरणः** सहयोग गरिएका कार्य, लाभग्राही संस्था/समुदाय तथा कार्यक्रमको प्रगतिको अभिलेख राखिनेछ।

(छ) **भुक्तानीः** स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र आवश्यक बिल भर्पाइ तथा प्रमाणका आधारमा भुक्तानी गरिनेछ। स्वीकृत बार्षिक बजेट आ.व. २०८३/०८४ बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

स्थानीय समुदाय तथा सरोकारवाला संस्थासँगको सम्बन्ध सुदृढ भई वन तथा वन्यजन्तु संरक्षणमा स्थानीय सहयोग र सहभागिता अभिवृद्धि हुनेछ। संरक्षणसँग जोडिएका स्थानीय विकासका आवश्यक कार्यमा सहयोग पुग्नुका साथै संरक्षणप्रति स्थानीय समुदायको अपनत्व र सकारात्मक धारणा विकास हुनेछ।

जनशक्ति व्यवस्थापन

स्वीकृत वार्षिक कार्यक्रमअनुसार आयोजना/परियोजनाका कर्मचारीले स्थानीय तह, सम्बन्धित विद्यालय, समुदाय तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन तथा अनुगमन गर्नेछन्।

अनुगमन योजना

- सहयोग गरिएका विकास तथा संरक्षणसम्बन्धी कार्यको फोटो।
- सागरनाथ माध्यमिक विद्यालयको स्टेज निर्माणको प्रगति विवरण।
- सम्बन्धित संस्था/समुदायसँगको समन्वय तथा बैठकको अभिलेख।
- कार्यक्रम कार्यान्वयन तथा खर्चको विवरण।

**३.६ एकीकृत गस्ती परिचालन, ३.७ गस्ती टोलीलाई खाजा खर्च ३.८ फिल्डमा चोटपटकको प्राथमिक उपचार तथा ३.९ वन संरक्षण गस्ती परिचालन (इन्धन) ३.१४ सवारी बिग्रिएको वेला भाडा गाडी लिने**

पृष्ठभूमि

एकल निकायको गस्तीले संवेदनशील वन क्षेत्रको सुरक्षा पर्याप्त नहुने भएकाले सुरक्षा निकाय, डिभिजन वन कार्यालयका कर्मचारी र आयोजना/परियोजना कर्मचारी सम्मिलित संयुक्त गस्ती सञ्चालन गर्नु आवश्यक हुन्छ।

उद्देश्य

सुरक्षा निकायहरू (सशस्त्र प्रहरी, नेपाल प्रहरी, सशस्त्र वन रक्षक तथा डिभिजन वन कार्यालयका कर्मचारी) र आयोजना/परियोजनाका कर्मचारीहरू सम्मिलित संयुक्त गस्ती परिचालन गरी संवेदनशील वन क्षेत्रको सुरक्षा मजबुत बनाइ वन पैदावार चोरी तस्करी तथा अतिक्रमण नियन्त्रण गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) समन्वयः सशस्त्र प्रहरी, नेपाल प्रहरी, सशस्त्र वन रक्षक तथा डिभिजन वन कार्यालयसँग संयुक्त गस्तीको लागि आवश्यकताअनुसार समन्वय गरिनेछ।

(ख) गस्ती योजनाः संवेदनशील/जोखिमयुक्त क्षेत्र पहिचान गरी गस्तीको मार्ग र अवधि तोकिनेछ।

(ग) परिचालनः तोकिएको योजना अनुसार सुरक्षा निकाय र डिभिजन वन कार्यालयका कर्मचारी, आयोजना/परियोजना कर्मचारी सम्मिलित संयुक्त गस्ती टोली परिचालन गरिनेछ।

(घ) खर्च व्यवस्थापनः गस्ती टोलीका सदस्यहरूलाई खाजा/खाना खर्च, फिल्डमा क्याम्पिङ गर्दाको खाजा खर्च, पानी, इन्धन (गस्ती परिचालन), क्याम्पिङ/बन्दोबस्ती सामग्री र घाइतेलाई प्राथमिक

उपचार खर्चमा बजेट उपयोग गरिनेछ। सरकारी साधन बिग्रिएको अवस्थामा भाडाको सवारी प्रयोग गरी जिल्ला दररेट/बजार भाउ अनुसार भुक्तानी गरिनेछ।

(ङ) अभिलेखीकरणः प्रत्येक गस्तीको लगबुक अद्यावधिक गरिनेछ।

(च) भुक्तानीः आवश्यक विल भर्पाइका आधारमा भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट आ.व. २०८३/०८४ बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

वन क्षेत्रमा आपराधिक गतिविधि तथा चोरी तस्करी निरुत्साहित भई वन सुरक्षा सुदृढ हुनेछ।

जनशक्ति व्यवस्थापन

स्वीकृत वार्षिक कार्यक्रम अनुसार आयोजना/परियोजनाका कर्मचारी सुरक्षा निकायहरूसँग तथा डिभिजन वन कार्यालयसँग समन्वय गरी टोली परिचालनबाट कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- संयुक्त गस्ती सञ्चालन गर्दाका मुख्य गतिविधि झल्कने फोटो।
- गस्ती लगबुक/प्रतिवेदन।

**३.१० अतिक्रमण नियन्त्रण व्यवस्थापन; ३.१२ फायर लाइन मर्मत; ३.१३ तारवार मर्मत;**

पृष्ठभूमि

आयोजनाको सिमाना अतिक्रमण र वन डढेलोको जोखिममा रहने भएकाले अनुगमन नियमन लाई सहज गर्न फायर लाइन मर्मत, वृक्षारोपण विरुवालाई चरीचरण बाट जेगार्न तारबार गर्नु जरुरी हुन्छ।

उद्देश्य

आयोजनाको सिमाना अतिक्रमणबाट जोगाउनु, डढेलो नियन्त्रणका लागि फायर लाइन मर्मत गर्नु र ताराबार गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) क्षेत्र/जोखिम पहिचानः अतिक्रमण जोखिमयुक्त सिमाना र मर्मत आवश्यक फायर लाइन तथा तारबारको लम्बाइ प्राविधिक कर्मचारीले स्थलगत पहिचान गर्नेछ।

(ख) लागत इस्टिमेट र स्वीकृतिः फायर लाइन मर्मत, तारबार मर्मत र फिल्ड क्याम्प सामग्रीको इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) खरिदः काँडेतार युनेल,सादाकाँटी लगायतका सामग्री लगत इस्टिमेट बमोजिम सोझै, कोटेशन, सिलबन्दी दरभाउपत्र वा बोलपत्रबाट खरिद गरिनेछ।

(घ) कार्यान्वयनः फायर लाइन मर्मत, तारबार मर्मत कि.मी. अनुसार, प्रचार प्रसार गर्ने, पुरानो अतिक्रमण हटाउन लगत लिने तथा सम्बन्धित सरोकारवाला सँग समन्वय गर्ने जिल्ला वन अतिक्रमण नियन्त्रण समितिको बैठक राख्ने।

(ङ) प्राविधिक जाँच र भुक्तानीः सम्पन्न कार्यको नाप-जाँच गराई कार्य सम्पन्न प्रतिवेदनको आधारमा विल भर्पाइ अनुसार अन्तिम भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट आ.व. २०८३/०८४ कार्यान्वयन गरिने

अपेक्षित उपलब्धि

आयोजनाको सिमाना सुरक्षित भई डढेलो र अवैध अतिक्रमण न्यूनीकरण हुनेछ तथा वृक्षारेपण भएका विरुवाको सर्वाइवल दर (Survival Rate) उच्च हुने।

जनशक्ति व्यवस्थापन

बजारबाट खरिद गर्ने नियमानुसार खरिद गरि बाँकि कार्य प्राविधिक कर्मचारीको नेतृत्वमा अमानतबाट ज्यालादारी श्रमिक परिचालन गरी सम्पन्न गरिनेछ।

अनुगमन योजना

- मर्मत गरिएको फायर लाइन तथा तारबारको को दूरी र जिपिएस ट्र्याक।
- कार्य भैरहेको तथा अघि र पछिको फोटो ।
- कार्य सम्पन्न प्रतिवेदन, नापी तालिका, डोर हाजिर।

## ३.११ वन अपराध नियन्त्रणको लागि सूचनादाता परिचालन

पृष्ठभूमि

वन अपराध तथा चोरी निकासीसम्बन्धी सूचना समयमै प्राप्त नभए प्रभावकारी नियन्त्रण तथा कारबाही गर्न कठिन हुने भएकाले सूचनाको पहुँच र संकलन प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक हुन्छ।

उद्देश्य

वन अपराध, चोरी निकासी तथा अतिक्रमणसम्बन्धी सूचना समयमै प्राप्त गरी सम्बन्धित निकायमार्फत नियन्त्रण तथा कारबाहीमा सहयोग पुऱ्याउने।

कार्यान्वयन प्रक्रिया

(क) जोखिमयुक्त क्षेत्र तथा सम्भावित सूचनाको स्रोत पहिचान गरिनेछ।

(ख) प्राप्त सूचना सम्बन्धित प्राविधिक कर्मचारी तथा सुरक्षा निकायमा गोप्य रूपमा जानकारी गराइनेछ।

(ग) प्राप्त सूचनाको आधारमा आवश्यक गस्ती तथा स्थलगत अनुगमन गरिनेछ साथै प्राप्त सूचनाको आधारमा वन क्षेत्रको सुरक्षा र अतिक्रमण नियन्त्रणको लागि आवश्यक कार्यनीति अवलम्बन गरिनेछ।

(घ) प्रचलित कानुन तथा स्वीकृत बजेटको सीमाभित्र रही सूचनादातालाई प्रोत्साहन/खर्च उपलब्ध गराउन सकिनेछ।

(ङ) सूचना तथा कारबाहीसम्बन्धी अभिलेख कार्यालय प्रमुखले सुरक्षित रूपमा राखिनेछ।

अपेक्षित उपलब्धि

वन अपराध तथा चोरी निकासी नियन्त्रणमा सूचना प्रणाली प्रभावकारी भई वन सुरक्षा सुदृढ हुनेछ।

जनशक्ति व्यवस्थापन

सम्बन्धित शाखा तथा प्राविधिक कर्मचारीको समन्वयमा सुरक्षा निकायसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- प्राप्त सूचनाको अभिलेख।
- सूचना आधारमा गरिएको गस्ती/अनुगमनको विवरण।
- सम्बन्धित प्रतिवेदन।

## भाग ४: वन पैदावार उत्पादन

कार्यक्रमको ४.१ देखि ४.१०सम्म

पृष्ठभूमि

बालिचक्र पुरा भएका प्लटहरूको व्यवस्थापन योजना अनुसार निरन्तर छपान/कटान/मुछान नगरे बजारमा काठ/दाउरा आपूर्ति नियमित नहुने र समितिको आम्दानी लक्ष्यमा नकारात्मक असर पर्ने हुन्छ।साथै भारी वर्षात र हावाहुरीका कारण ढलेपडेका वा खडासुकेका साल समेतका बिभिन्न जातका रुखहरु समयमै संकलन नगरे हानीनोक्सानी हुन्छ ।

उद्देश्य

व्यवस्थापन योजना अनुसार बालिचक्र पुरा भएका प्लटहरुको बाह्रै महिना निरन्तर छपान/कटान/मुछान गरी मसला, टिक, खयर, सिसौं, तथा अन्य प्रजातिको काठ (गोलिया/बल्ली) र दाउरा उत्पादन र आपूर्ति चक्र कायम राख्ने। ढलापडा सुखड्खडा रुखहरु संकलन गर्ने ।

कार्यान्वयन प्रक्रिया

(क) व्यवस्थापन पद्धतिः आयोजना/परियोजनाद्वारा व्यवस्थापन गरिएका वन क्षेत्रहरूमा सरपट कटान पद्धति (Clear-felling System) अपनाइएकाले निश्चित बालीचक्र (Rotation) र दिगो वन व्यवस्थापन योजनामा उल्लिखित संकलनयोग्य प्लटबाट सम्पूर्ण रूपमा रुख कटान तथा मुछान गरिनेछ। यस प्रयोजनका लागि उपयुक्त पहुँच सडक तथा फायर लाइनको व्यवस्था गरी कपिस (Coppice) वा वृक्षारोपण मार्फत प्लटको पुनःस्थापना सुनिश्चित गरिनेछ। साथै, कच्चा वन पैदावारमा आधारित उद्योगहरुलाई वर्षैभरि कच्चापदार्थको आपुर्ति गर्नु पर्ने हुँदा र वैज्ञानिक वन व्यव्थापनमा प्लटको Even-aged संरचना कायम गर्नु पर्ने भएकोले बर्षैभरी निरन्तर रुख छपान एवं कटान-मुछान कार्य सञ्चालन गरिनेछ; एउटै प्लटमा रहेका Even-aged प्रजातिका रुखहरु आंशिक रूपमा कटान-मुछान गर्दा यो संरचना बिग्रिई सरपट कटान पद्धतिको प्रचलित सिद्धान्तविपरीत हुने भएकाले सम्पूर्ण कटान अनिवार्य गरिएको हो।

(ख) प्लट पहिचानः व्यवस्थापन योजना अनुसार बालिचक्र पुरा भएका कटानयोग्य प्लटहरू पहिचान गरिनेछ।

(ग) छपानः वन पैदावार संकलन तथा बिक्री निर्देशिका २०७३ अनुसार कम्तीमा रेन्जर तहको कर्मचारीलाई कार्यदिश दिई छपान कार्य गराइनेछ।

(घ) कटान-मुछानः कटान कार्य प्लटको लागत अनुमान, आवश्यकता र परिस्थीतिअनुसार कोटेशन, सिलबन्दी दरभाउपत्र, बोलपत्र तथा प्राविधिक कर्मचारीको नेतृत्वमा अमानतबाट चेनस (Chain Saw) प्रयोग गरी कटान/मुछान गरिनेछ, कटान प्लटमा काठको नाप-पैमाइस कम्तिमा फरेष्टर तहको कर्मचारिबाट गरिनेछ।

(ङ) ढुवानीः कटिएको काठ/दाउरा ट्र्याक्टर/ट्रकबाट घाटगद्दीसम्म ढुवानी गरिनेछ।

(च) चेकजाँचः छपान चेकजाँच, घाटगद्दीको आवधिक चेकजाँच र प्लटको अन्तिम चेकजाँच वन पैदावार विकास समिति केन्द्रीय कार्यालयबाट वा प्रदेश वन निर्देशनालयबाट गरिनेछ।

(छ) खटिने कर्मचारी व्यवस्थापनः छपान, कटान-मुछान-ढुवानी कार्यमा खटाउन दैनिक ज्यालादरीमा वन प्राविधिक तथा तथ्याङ्क संकलक दैनिक ज्यालादारीको रुपमा भर्ना गरिनेछ। कटान कार्यमा खटिने प्राविधिक कर्मचारीलाई नाप पैमाइस र बन्दोबस्ति खर्च व्यवस्थापन गरिनेछ।

(ज) अभिलेखीकरणः १५ रोजा, घाटगद्दी ढुवानी पुर्जी, घाटगद्दी रजिष्टर, कटान रजिष्टर र रनिङ्ग बिल अद्यावधिक गरिनेछ। कटान कार्यमा आवश्यक सामाग्री प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार समितिको विनियोजित बजेट आ.व. २०८३/०८४ बाट खरिद गरिनेछ।

अपेक्षित उपलब्धि

व्यवस्थापनको उद्देश्यबमोजिम वनको व्यवस्थापन भई १२ महिना नै बजारमा काठ/दाउरा आपूर्ति भई समितिको मूलकोष आम्दानी तथा राजस्व लक्ष्य हासिल हुनेछ।

जनशक्ति व्यवस्थापन

छपान कार्य कम्तीमा रेन्जर तहको कर्मचारीलाई कार्यादेश दिई गरिनेछ; कटान-मुछान-ढुलान कार्यका लागि प्राविधिक (सेवा करार तथा दैनिक ज्यालादारी फरेष्टर) र कटान सहयोगी दैनिक ज्यालामा आयोजना/परियोजनाका प्राविधिक कर्मचारीको नेतृत्वमा परिचालन गरिनेछ।

अनुगमन योजना

- १५ रोजा।
- कटान रजिष्टर ।
- घाटगद्दी ढुवानी पुर्जी तथा घाटगद्दी रजिष्टर।
- रनिङ्ग विल।
- कटानको अन्तिम प्रतिवेदन र प्लट तथा घाटगद्दी चेक जाँचको पत्र।

## भाग ५: समन्वय तथा प्रसार

कार्यक्रमको ५.१ देखि ५.४ सम्म

पृष्ठभूमि

आयोजना/परियोजनाका गतिविधि र उपलब्धिबारे जनस्तरमा आयोजना परियोजनाबारे यथार्थ र आधिकारिक सूचना एवम् जानकारी प्रवाह भई वन संरक्षण र डढेलो नियन्त्रणमा अतिक्रमण नियन्त्रण जस्ता महत्वपूर्ण गतिविधिमा जनसहभागिता अभिवृद्धि गर्न प्रचार-प्रसार तथा प्रकाशन कार्य आवश्यक हुन्छ।

उद्देश्य

आयोजनाका/परियोजनाका गतिविधिहरू, वन संरक्षण र डढेलो नियन्त्रणबारे नागरिकमा जनचेतना अभिवृद्धि गर्ने तथा वार्षिक प्रगतिको सार्वजनिक जानकारी प्रवाह गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) सामग्री तयारीः वार्षिक प्रगति प्रतिवेदन (आ.व. २०८१/०८२ र २०८२/०८३), सागरनाथ डायरीको प्रकाशन सामग्री/मस्यौदा परियोजनाका प्राविधिक तथा प्रशासन शाखाले तयार गर्नेछ।

(ख) खरिद/छपाइः प्रचार प्रसार सामग्री उत्पादन, डिजिटल ड्यासबोर्ड खरिद र विद्युतीय माध्यमबाट प्रसारण सम्बन्धी सेवा खरिद कार्य परियोजनामा सूचीकृत फर्मबाट कोटेशनमा गरिनेछ।

(ग) प्रसारण/वितरण: सूचना/विवरण/ जानकारीमुलक सामाग्री रेडियो, टेलिभिजन, डिजिटल ड्यासबोर्ड, पत्रिका र पम्प्लेट मार्फत प्रचार-प्रसार गरिनेछ र वार्षिक प्रगति प्रतिवेदन र डायरी सम्बन्धित निकाय र सरोकारवालाहरुलाई विभिन्न कार्यक्रम र भेटघाट मार्फत वितरण गरिनेछ।

(ङ) भुक्तानीः डिजिटल ड्यासबोर्ड खरिद, डायरी छपाइ र सामाग्री प्रसारण कार्य सम्पन्न भएको बिलको आधारमा अन्तिम भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

सरोकारवाला तथा नागरिक माझ सूचनाको प्रवाह भई वन संरक्षणमा जनसहभागिता अभिवृद्धि हुनेछ।

जनशक्ति व्यवस्थापन

आवश्यकता अनुसार स्थानीय सरोकारवालाहरूको सहयोगमा समेत कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- प्रकाशित/उत्पादित प्रचार सामग्री ।
- प्रसारण भएको रेडियो/मिडिया बिल।
- प्रकाशित वार्षिक प्रगति प्रतिवेदन/डायरी।
- डिजिटल ड्यासबोर्ड

## भाग ६: निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च

कार्यक्रमको ६.१ देखि ६.१० र ६.१७ को

पृष्ठभूमि

आयोजना/परियोजनाका कार्यालय भवन, अधिकृत आवास क्वार्टर, सशस्त्र प्रहरी बेस क्याम्प र संरक्षण चौकीहरू तथा पार्किङ्ग स्थलको नियमित मर्मत सम्भार गरी भौतिक सम्पत्तिको संरक्षण गर्नु आवश्यक हुन्छ ।साथै त्यस्ता भौतिक पुर्वाधारहरुलाई कर्मचारी र सेवाग्राही मैत्रि बनाइ उपयुक्त कार्य-वातावरण निर्माण गर्न शौन्दर्यकरण गर्ने गर्नु आवश्यक हुन्छ।

उद्देश्य

आयोजनाका/परियोजना कार्यालयका भौतिक पूर्वाधारहरुको दिगो संरक्षण गर्नु र कार्यालयमा सेवाग्राहीमैत्री कार्य वातावरण निर्माण गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) आवश्यकता पहिचानः परियोजना प्रमुख कक्ष र समिक्षालय, अधिकृत क्वार्टरहरू (क्वार्टर नं. २, ४, ६, ८ र ९), सशस्त्र प्रहरी बेस क्याम्प, संरक्षण चौकी र रतुवामाई वृक्षारोपण आयोजनाका भवनहरूको मर्मत,पार्किङ्ग स्तरोन्नती र शौन्दर्यकरण स्थल तथा आवश्यकता प्राविधिक कर्मचारीले स्थलगत निरीक्षण गरी पहिचान गर्नेछ।

(ख) डिजाइन र इस्टिमेटः प्राविधिक कर्मचारीले interior design,फर्निसिङ्ग, वाल/शौचालय/किचन/झ्याल-ढोका रङ्गरोगन तथा छाना मर्मत, पक्की/साधारण शौचालय निर्माण र कार्यालय सौन्दर्यकरण/पार्किङ स्तरोन्नतिको डिजाइन र लागत इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) खरिद:मर्मत सम्बन्धी कार्य आयोजना परियोजनामा सूचीकृत फर्मबाट कोटेशन मार्फत खरिद गरिनेछ। शौन्दर्यकरणको कार्य आवश्यक सामाग्री खरिद गरी प्राविधिक कर्मचारी मार्फत अमानतबाट गरिनेछ ।

(घ) प्राविधिक जाँच र भुक्तानीः सम्पन्न भएको भौतिक संरचनाको कार्य सम्पन्न प्रतिवेदन र जाँचपासको आधारमा अन्तिम भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट आ.व. २०८३/०८४ बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

आयोजनाको भौतिक पूर्वाधार स्तरोन्नति भई प्रभावकारी कार्यालय सञ्चालन तथा कार्य वातावरणमा सुधार हुनेछ।

जनशक्ति व्यवस्थापन

आयोजना/परियोजनामा सूचीकृत निर्माण फर्म तथा प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- स्वीकृत लागत इष्टिमेट र कार्यादेश।
- मर्मत भएको स्थान र सम्पन्न भौतिक संरचनाको अघि र पछिको फोटो।
- प्राविधिक प्रतिवेदन र बिल।
- कार्य सम्पन्न प्रतिवेदन र जाँचपास।

कार्यक्रमको ६.११ देखि ६.१४ सम्मको

पृष्ठभूमि

आयोजना परिसरभित्रको खानेपानी, विद्युत मर्मत र इन्फ्रा एरियामा झाडी सफाइ नियमित गरी कर्मचारी र सेवाग्रहीको आधारभुत आवश्यकता पुरा गरी उपयुक्त कार्य वातावरण निर्माण गर्नुका साथै लगयार्डमा रहेका वन पैदावारहरु आगलागी बाट जोगाउनु आवश्यक हुन्छ ।

उद्देश्य

आयोजना/परियोजना परिसरभित्रका खानेपानी तथा विद्युत पुर्वधारहरु र घाटगद्दी गरिएका वन पैदावारको संरक्षण गर्ने ।

कार्यान्वयन प्रक्रिया

(क) आवश्यकता पहिचानः इन्फ्रा एरियाको खानेपानी व्यवस्थापन, विद्युत प्रशारण लाइन, मर्मत र इन्फ्रा एरियामा झाडी सफाइको आवश्यकता प्राविधिक कर्मचारीले पहिचान गर्नेछ।

(ख) लागत इस्टिमेट र स्वीकृतिः मर्मत सम्भार/वाइरिङ, सोलार जडान/मर्मतको इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) खरिदः आवश्यक सामाग्री बजारबाट खरिद गरी प्राविधिक कर्मचारीको नेतृत्वमा अमानतबाट दक्ष/अदक्ष ज्याला भुक्तानी गर्ने वा सूचीकृत फर्मबाट कोटेशन मार्फत गर्ने। साथै नियमित मर्मत सम्भारको लागि दैनिक ज्यालामा पलम्बर तथा इलेक्ट्रिसियन राख्ने ।

(घ) प्राविधिक जाँच र भुक्तानीः सम्पन्न कार्यको नाप-जाँच गराई कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

खानेपानी र विद्युत आपूर्ति निरन्तर भई कार्यालय परिसर थप व्यवस्थित हुनेछ।

जनशक्ति व्यवस्थापन

आयोजना/परियोजनाका प्राविधिक कर्मचारीबाट अमानतमा वा सूचीकृत फर्म मार्फत कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- स्वीकृत लगत इष्टिमेट र कार्यदिश।
- निर्माण/मर्मत भएको स्थान र सम्पन्न भौतिक संरचनाको अघि र पछिको फोटो।
- कार्य सम्पन्न प्रतिवेदन।

## ६.१५ सःमील मर्मत तथा व्यवस्थापन ६.१६ ट्रिटमेन्ट प्लान्ट सञ्चालन मर्मत तथा व्यवस्थापन

पृष्ठभूमि

सःमील र ट्रिटमेन्ट प्लान्ट सञ्चालन गरी उत्पादित काठको ट्रिटमेन्ट मार्फत टिकाउ बढाउन यिनको संचालन तथा मर्मत सम्भार आवश्यक हुन्छ। त्यसरी उत्पादन गरीएका काठहरु हाललाई आन्तरिक मर्मत सम्भार र निर्माणका काममा प्रयोग गर्नु उपयुक्त हुन्छ ।

उद्देश्य

सःमील र ट्रिटमेन्ट प्लान्टलाई सञ्चालनमा ल्याउने।

कार्यान्वयन प्रक्रिया

(क) अवस्था मूल्याङ्कनः सःमील र ट्रिटमेन्ट प्लान्टको हालको अवस्था र मर्मत आवश्यकता प्राविधिक कर्मचारीले मूल्याङ्कन गर्नेछ।

(ख) लागत इस्टिमेट र स्वीकृतिः प्राविधिक कर्मचारीले मर्मत/पार्टपुर्जा, ट्रिटमेन्ट केमिकल आवश्यकताको इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) खरिद/मर्मतः परियोजनामा सूचिकृत फर्महरुमध्येबाट कोटेशन मार्फत मर्मत कार्य गरिनेछ।

(घ) सञ्चालनः आवश्यकता अनुसार सःमील र ट्रिटमेन्टप्लान्ट मर्मत गरी प्राविधिक कर्मचारी मार्फत सञ्चालन गरिनेछ। कुन प्रजाति र परिमाणको काठ कुन मर्मत/निर्माण कार्यमा प्रयोग गर्ने हो सो को एकिन प्राविधिक कर्मचारीले गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई लगतबाट त्यस्तो परिमाण घटाई प्रयोग गरिनेछ ।

(ङ) भुक्तानीः विल, कार्य सम्पनन्न प्रतिवेदन तथा जाँचपासका आधारमा अन्तिम भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

चिरान तथा ट्रिटेड काठ उत्पादन भई मर्मत/निर्माणमा टिकाउयुक्त काठ उपलब्ध हुनेछ।

जनशक्ति व्यवस्थापन

प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा अमानतबाट वा सूचिकृत फर्महरु मार्फत कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- मर्मत/निर्माण सम्पन्न सःमील र प्लान्टको तस्विरहरू।
- स्वीकृत लागत इष्टिमेट।
- कार्यसम्पन्न प्रतिवेदन तथा जाँचपास

## भाग ७: सीप विकास तालिम तथा गोष्ठी

७.१ वार्षिक प्रगति समीक्षा गोष्ठी; ७.२ संरक्षण समन्वय गोष्ठी; ७.३ योजना तर्जुमा कार्यक्रम

पृष्ठभूमि

गत आर्थिक वर्षको प्रगति वस्तुनिष्ठ रूपमा समीक्षा गरी र सुरक्षा र सरोकारवाला निकायहरुसँग समन्वय गरी आगामी वर्षको बजेट/योजना तथ्यमा आधारित बनाउन तथा संरक्षणलाई प्रभावकारी बनाउन गोष्ठी आवश्यकता हुन्छ।

उद्देश्य

आर्थिक वर्षको अन्तयमा चालु आ.व.को प्रगतिको समीक्षा गर्ने, आगामी वर्षको बजेट/योजना तर्जुमा गर्ने र सरोकारवाला निकायहरू (स्थानीय र वन सुरक्षा निकाय समेत) सँग समन्वय कायम गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) समीक्षा तयारीः गत आर्थिक वर्षको भौतिक तथा वित्तीय प्रगति विवरण योजना शाखाले संकलन गरी सोको प्रस्तुतिकरण तयार गर्नेछ।

(ख) गोष्ठी आयोजनाः वार्षिक प्रगति समीक्षा गोष्ठी, संरक्षण समन्वय गोष्ठी र योजना तर्जुमा कार्यक्रम आयोजना गरी हल भाडा र सहभागीहरुको बन्दोबसती, खानपान, मसलन्द भत्ता आदि व्यवस्थापन गरिनेछ।

(ग) सहभागिताः आन्तरिक कर्मचारी तथा सरोकारवाला निकायको उपस्थितिमा प्रगति समिक्षा/योजना तर्जुमा र स्थानीय समुदाय/सरोकारवाला निकाय, सुरक्षा निकाय एवम् वन सुरक्षा निकाय आदिलाई सहभागी गराई जनसमन्वय गोष्ठी गरिनेछ।

(घ) भुक्तानीः कार्यक्रम संयेजकले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन बमोजिमका विल भर्पाइ बमोजिम भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

प्रगतिको वस्तुनिष्ठ समीक्षा भई आगामी वर्षका लागि तथ्यमा आधारित योजना तर्जुमा हुनेछ। जन समन्वय सुदृढ भई वन संरक्षणमा टेवा पुग्नेछ ।

जनशक्ति व्यवस्थापन

कार्यक्रम संयोजक मार्फत अमानतमा सञ्चालन गरिनेछ।

अनुगमन योजना

- गोष्ठीको निर्णय (माइन्युट) र सहभागी उपस्थिति।
- सञ्चालित गोष्ठीको फोटो।
- प्रतिवेदन (Proceeding)
- विल भर्पाई र कार्यसम्पन्न प्रतिवेदन ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन पैदावार विकास समिति केन्द्रिय कार्यालय, बबरमहल, काठमाडौं २०३३

७.४ कर्मचारी क्षमता अभिवृद्धि तालिम तथा गोष्ठी

पृष्ठभूमि

छपान, कटान, नर्सरी, लगयार्ड व्यवस्थापन, वन संवर्द्धन, कार्यालय/लेखा व्यवस्थापन र सूचना प्रविधि जस्ता प्राविधिक विषयमा नियमित क्षमता विकास गरी कर्मचारीको कार्यसम्पादन प्रभावकारी बनाउनु आवश्यकता हुन्छ।

उद्देश्य

वन प्राविधिक तथा कर्मचारीहरूको छपान, कटान, नर्सरी, लगयार्ड व्यवस्थापन, वन संवर्द्धन, कार्यालय/लेखा व्यवस्थापन तथा सूचना प्रविधि र कानुनी कार्यविधि सम्बन्धी ज्ञान र दक्षता अभिवृद्धि गर्नु।

कार्यान्वयन प्रक्रिया

(क) आवश्यकता पहिचानः छपान, कटान, नर्सरी, लगयार्ड व्यवस्थापन, वन संवर्द्धन, कार्यालय/लेखा व्यवस्थापन र सूचना प्रविधि विषयगत तालिम आवश्यकता योजना/प्रशासन शाखाले पहिचान गर्नेछ।

(ख) तालिम योजनाः पाठ्यक्रम, अवधि, सहभागी संख्या र स्थान निर्धारण गरी स्वीकृत गराइनेछ।

(ग) व्यवस्थापनः हल भाडा, तालिम सामग्री र प्रशिक्षक/स्रोतव्यक्ति/विषयविज्ञको व्यवस्थापन गरी प्राविधिक कर्मचारीलाइ संयोजक तोकी अमानतबाट गरिनेछ।

(घ) सञ्चालनः तोकिएको पाठ्यक्रम अनुसार तालिम/गोष्ठी सञ्चालन गरी सहभागीको हाजिरी माइन्युटमा दर्ता गरिनेछ।

(ङ) भुक्तानीः सहभागी दैनिक/भ्रमण भत्ता, प्रशिक्षक भत्ता, खाजा/खाना खर्च र प्रमाणपत्र तयारी खर्चको विल भर्पाई र हाजिरीको आधारमा भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

कर्मचारीहरूको कार्यक्षमता वृद्धि भई वन व्यवस्थापन र अपराध अनुसन्धान कार्य प्रभावकारी हुनेछ।

जनशक्ति व्यवस्थापन

आवश्यकता अनुसार विषयविज्ञ परिचालन गरी अमानतबाट कार्यान्वयन गरिनेछ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन पैदावार विकास समिति
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं
२०३३

अनुगमन योजना

- तालिमको पाठ्यक्रम र विषयवस्तु।
- सहभागीहरूको हाजिरी माइन्युट।
- तालिमका तस्विरहरू।
- प्रतिवेदन (Proceeding)
- विल भर्पाई र  कार्यसम्पन्न प्रतिवेदन ।

## ७.५ परियोजना क्षेत्रसँग जोडिएका स्थानीयलाई सशक्तिकरण तथा सिप विकास तालिम

पृष्ठभूमि

परियोजनासँग सीमा जोडिएका स्थानीय समुदायको सीप विकास गरी आयस्तरमा बृद्धिल्याई वन माथिको निर्भरता कम गर्दै लैजानु आवश्यक हुन्छ।

उद्देश्य

परियोजनाको क्षेत्रसँग जोडिएका स्थानीय समुदायको सीप अभिवृद्धि गर्दै आयस्तरमा सुधार ल्याई वन स्रोत माथिको निर्भरता घटाउने ।

कार्यान्वयन प्रक्रिया

(क) पहिचानः परियोजनासँग सीमा जोडिएका स्थानीय तहसँग समन्वय गरी सहभागिको पहिचान गरिनेछ।

(ख) सञ्चालनः कर्मचारी अमानत वा दर्ता भएको स्थानीय सामाजिक संघ/संस्थासँग सम्झौता गरी गरिनेछ।

(ग) भुक्तानीः कर्मचारी वा संघ संस्थाले पेशगरेको प्रतिवेन बमोजिमका विल भर्पाईका आधारमा भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

स्थानीय समुदायको सीप र आयस्तरमा अभिवृद्धि भई वन स्रोत माथिको निर्भरता मा कमि आउनेछ।

जनशक्ति व्यवस्थापन

कर्मचारी अमानत वा स्थानीय संघ/संस्थाको जनशक्ति मार्फत कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- सञ्चालित तालिमको हाजिरी र फोटो।
- तालिम सहभागीहरूको विवरण।
- प्रतिवेदन (Proceeding)
- विल भर्पाई र कार्यसम्पन्न प्रतिवेदन ।

## भाग ८: अन्य सार्वजनिक निर्माण

८.१ खानेपानी व्यवस्थापन ८.२ लगयार्ड व्यवस्थापन

पृष्ठभूमि

सागरनाथ र रतुवामाईका इन्फ्रा एरियामा खानेपानी सुविधाको कमी र लगयार्डको अव्यवस्थित भौतिक अवस्थाले नर्सरी सञ्चालन र यार्ड व्यवस्थापनमा कठिनाइ पुऱ्याइरहेको

उद्देश्य

इन्फ्रा एरियामा खानेपानी सुविधा विस्तार गर्नु र लगयार्डको भौतिक व्यवस्थापन सुधार गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) आवश्यकता पहिचानः इन्फ्रा एरियाको खानेपानी अभाव र लगयार्डको भौतिक अवस्था प्राविधिक कर्मचारीले स्थलगत मूल्याङ्कन गर्नेछ।

(ख) डिजाइन र इस्टिमेटः खानेपानी ट्याङ्की, पानी स्टयान्ड, पाइपलाइन प्लम्बिङ्ग, यार्ड सामग्री (साइन बोर्ड, साइन पोस्ट, भ्यापर लाइट) इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) खरिदः ८.१ को कार्य परियोजनामा सुचिकृत फर्म मध्येबाट कोटेशन मार्फत र ८.२ को सामाग्रीहरु आवश्यकता अनुसार क्रमश खण्ड खण्डमा सोझै खरिद गरिनेछ।

(ङ) प्राविधिक जाँच र भुक्तानीः प्राविधिक प्रतिवेदन र बिलका आधारमा अन्तिम भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) रकमबाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

खानेपानी सुविधा तथा लगयार्ड व्यवस्थित हुनेछ ।

जनशक्ति व्यवस्थापन

सूचीकृत निर्माण फर्म मार्फत कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- निर्माण/मर्मत गरिएको पूर्वाधारको फोटो।
- प्राविधिकको इस्टिमेट र प्राविधिक बिल।
- कार्य सम्पन्न प्रतिवेदन।

कार्यक्रमको ८.३ देखि ८.६ सम्मका कार्य

पृष्ठभूमि

वन पैदावार खरिदका लागि आउने सेवाग्राही र कर्मचारीको सहजताको लागि गोलघर तथा शौचालय आवश्यक रहेको छ। रतुवामाईको कार्यलय कम्पाउण्डको मेनगेट जिर्ण र कमजोर भई सुरक्षा चुनौति खडा भएको छ ।

उद्देश्य

वन पैदावार खरिदका लागि आउने सेवाग्राही र कर्मचारीको सहजताका लागि गोलघर तथा शौचालय निर्माण गर्नु र रतुवामाई कार्यालय परिसर सुरक्षाको लागि मेनगेट निर्माण गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) स्थान पहिचानः गोलघर तथा शौचालय निमार्माणको लागि उपयुक्त स्थान प्राविधिक कर्मचारीले पहिचान गर्नेछ।

(ख) डिजाइन र इस्टिमेटः शौचालय/गोलघर तथा मेनगेटको डिजाइन/इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) खरिद/ठेक्काः आयोजना परियोजनामा सुचिकृत फर्ममध्येबाट कोटेशन मार्फत निर्माण सेवा खरिद गरिनेछ।

(घ) प्राविधिक जाँच र भुक्तानीः निर्माण सम्पन्न भएको स्थानको प्राविधिक बिलको आधारमा अन्तिम भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

सेवाग्राही लाई सहजता हुनको साथै रतुवामाई कार्यालय परिसरको सुरक्षा तथा संरक्षण हुनेछ।

जनशक्ति व्यवस्थापन

प्राविधिक कर्मचारीको नेतृत्वमा अमानतबाट वा सूचीकृत निर्माण फर्म मार्फत कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- निर्माण/मर्मत गरिएको पूर्वाधारको फोटो।
- प्राविधिकको इस्टिमेट र प्राविधिक बिल।
- कार्य सम्पन्न प्रतिवेदन।

## भाग ९: मेसिनरी तथा औजार

कार्यक्रमको ९.१ देखि ९.५ सम्म

पृष्ठभूमि

शाखा, रेन्ज युनिट, गेस्टहाउस र आवास गृहमा ऊर्जा तथा कार्यसञ्चालन सम्बन्धी आवश्यक मेसिनरी/उपकरण तथा सिसि टिभि नभए क्षेत्रगत कार्य प्रविधियुक्त र आत्मनिर्भर हुन सक्दैन।

उद्देश्य

शाखा, रेन्ज युनिट, गेस्टहाउस तथा आवास गृहलाई ऊर्जा र कार्यसञ्चालनमा आत्मनिर्भर बनाउन र क्षेत्रगत कार्यलाई प्रविधियुक्त बनाउन आवश्यक मेसिनरी, औजार तथा उपकरण खरिद गर्नु।

कार्यान्वयन प्रक्रिया

(क) माग संकलनः शाखा, रेन्ज युनिट, गेस्टहाउस र आवास गृहबाट मेसिनरी/औजार/उपकरणको माग खरिद शाखाले संकलन गर्नेछ।

(ख) विशिष्टीकरण र इस्टिमेटः सोलार/इन्भर्टर, इन्भर्टर व्याट्री, एसी, फिल्ड गियर, चेनस, सी.सी.टी.भी. क्यामेरा र ल्यापटप/कम्प्युटर/फोटोकपी मेसिनको स्पेसिफिकेसन र लागत इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) खरिदः प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम बजेटको सीमा अनुसार सोझै कोटेशन मार्फत खरिद गरिनेछ।

(घ) वितरण/जडानः खरिद भएका सामान सम्बन्धित शाखा/कार्यालयको माग र सिफारिसमा वितरण गरी आवश्यक परे जडान (एसी, सोलार, सी.सी.टी.भी.) गराइनेछ।

(ङ) अभिलेखीकरण/भुक्तानी: खरिद गरिएका मेसिनरी/औजारको बिल, स्पेसिफिकेसन र खरिद आदेश दाखिला फाराम अभिलेख गरिनेछ र सोको आधारमा भुक्तानि गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

क्षेत्रगत कार्यसञ्चालन र कार्यालय व्यवस्थापन थप प्रभावकारी र प्रविधियुक्त हुनेछ।

जनशक्ति व्यवस्थापन

सम्बन्धित शाखा/कार्यालयका कर्मचारीको माग र सिफारिसमा खरिद शाखाबाट कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- खरिद गरिएका मेसिनरी/औजारको बिल तथा स्पेसिफिकेसन।
- खरिद आदेश दाखिला फाराम।
- सामानहरुको बिल

## भाग १०: सवारी साधन

### १०.१ मोटरसाइकल खरिद

पृष्ठभूमि

फिल्ड गस्ती, अनुगमन र दैनिक कार्यसञ्चालनका लागि पर्याप्त सवारी साधन नभए क्षेत्रगत कार्य समयमै सम्पन्न गर्न कठिनाइ हुन्छ।

उद्देश्य

फिल्ड गस्ती, अनुगमन तथा दैनिक कार्यसञ्चालनका लागि आवश्यक सवारी साधनको व्यवस्था गर्ने।

कार्यान्वयन प्रक्रिया

(क) माग संकलनः फिल्ड गस्ती, अनुगमन र दैनिक कार्यसञ्चालनका लागि आवश्यक सवारी साधनको माग बुझी खरिद इकाईले निर्णय गर्नेछ।

(ख) विशिष्टीकरण र इस्टिमेटः खरिद इकाईले वन जंगल क्षेत्रको अनुगमनमा प्रयोग हुने प्रकारको मोटरसाइकलको स्पेसिफिकेसन र लागत इस्टिमेट तयार गरी स्वीकृत गराउनेछ।

(ग) खरिदः प्रचलित सार्वजनिक खरिद ऐन बमोजिम कोटेशन मार्फत खरिद प्रक्रिया अगाडि बढाइनेछ।

(घ) दर्ता/बीमाः खरिद भएको सवारी साधनको सम्बन्धित निकायमा दर्ता र बीमा गरिनेछ।

(ङ) भुक्तानी : सवारी साधन परियोजनालाइ बिधिवत प्राप्त भई बिल र दर्ता प्रमाणपत्र उपलब्ध भए पश्चात भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) रकमबाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

फिल्ड गस्ती तथा अनुगमन कार्य समयमै र प्रभावकारी रूपमा सम्पन्न हुनेछ।

जनशक्ति व्यवस्थापन

खरिद इकाईबाट खरिद प्रक्रिया अगाडि बढाई कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- खरिद गरिएको सवारी साधनको बिल र दर्ता प्रमाणपत्र।
- खर्च नजाने खातामा अभिलेख।

## भाग ११: अन्य विविध कार्यक्रम

### ११.१ उत्कृष्ट कर्मचारी पुरस्कार तथा प्रोत्साहन

पृष्ठभूमि

कर्मचारीको उत्कृष्ट कार्यसम्पादनलाई मान्यता र प्रोत्साहन नदिए संस्थागत कार्यसम्पादन स्तर माथि उठाउन कठिन हुन्छ।

उद्देश्य

कर्मचारीहरूको कार्यसम्पादनमा प्रोत्साहन दिई संस्थागत कार्यसम्पादन स्तर उकास्नु।

कार्यान्वयन प्रक्रिया

(क) मापदण्ड निर्धारणः समिति गठन गरी सोबाट कार्यसम्पादन मूल्याङ्कन मापदण्ड तोकिनेछ।

(ख) मूल्याङ्कनः तोकिएको मापदण्ड बमोजिम कर्मचारीहरूको वार्षिक कार्यसम्पादन समिति/परियोजना प्रशासनद्वारा मूल्याङ्कन गरिनेछ।

(ग) छनोटः मूल्याङ्कनका आधारमा सर्वोत्कृष्ट कर्मचारी सहित उत्कृष्ट कर्मचारीहरू छनोट गरिनेछ।

(घ) पुरस्कार वितरणः छनोट भएका कर्मचारीहरूलाई तोकिएको कार्यक्रममा पुरस्कार वितरण गरिनेछ।

(ङ) अभिलेखीकरणः पुरस्कृत कर्मचारीहरूको नामावली, मापदण्ड र कार्यक्रमको फोटो/माइन्युट अभिलेख गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

कर्मचारीहरूमा कार्यसम्पादन प्रति उत्प्रेरणा अभिवृद्धि हुनेछ।

जनशक्ति व्यवस्थापन

समितिबाट तोकिएको कार्यसम्पादन मूल्याङ्कन मापदण्ड बमोजिम समिति/आयोजना प्रशासनद्वारा कार्यान्वयन गरिनेछ।

अनुगमन योजना

- पुरस्कृत कर्मचारीहरूको नामावली र मापदण्ड।
- पुरस्कार वितरण कार्यक्रमको फोटो/माइन्युट।

## भाग १२: वन पैदावार बिक्री व्यवस्थापन सफ्टवेयर निर्माण (ब.शि.नं.२२४११/ केन्द्रीय कार्यालय)

पृष्ठभूमि

वन पैदावारको बिक्री-वितरण म्यानुअल तवरले हुँदा पारदर्शिता र अभिलेख व्यवस्थापनमा कठिनाइ तथा काममा ढिलाई हुने भएकाले बिक्री व्यवस्थापन प्रक्रियालाई प्रविधिमैत्री बनाउनु आवश्यक देखिन्छ।

उद्देश्य

उत्पादित वन पैदावारको पारदर्शी, प्रतिस्पर्धी र आधुनिक प्रविधिमा आधारित बिक्री वितरण गरी आम्दानिमा बृद्धि, बिक्री प्रक्रीया छिटो छरितो र भरपर्दो बनाउनु।

कार्यान्वयन प्रक्रिया

(क) सफ्टवेयर विकासः वन पैदावारको आम्दानी तथा बिक्री सम्बन्धी सफ्टवेयर क्षेत्र निर्धारण गरी सूचीकृत सेवाप्रदायक फर्म मार्फत निर्माण गराइनेछ।

(ख) सफ्टवेयर परीक्षण र सञ्चालनः स्पेसिफिकेशन अनुरुप निर्माण भए/नभएको जाँची औपचारिक हस्तान्तरण गराई सञ्चालनमा ल्याइनेछ।

(ग) भुक्तानीः कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि सोको व्यवहारिक प्रयोगको पुष्ट्याइँको आधारमा सम्बन्धित सेवा प्रदायकलाई अन्तिम भुक्तानी गरिनेछ। स्वीकृत वार्षिक बजेट (आ.व. २०८३/०८४) बाट कार्यान्वयन गरिनेछ।

अपेक्षित उपलब्धि

बिक्री प्रक्रिया छिटो छरितो सहज भई समितिको आम्दानी वृद्धि हुनेछ साथै तथ्याङ्क व्यवस्थापन व्यवस्थित हुनेछ।

जनशक्ति व्यवस्थापन

Software निर्माण सम्बन्धी कार्य समिति कार्यालयमा सूचीकृत सेवाप्रदायक फर्म मार्फत सम्पादन गरिनेछ।

अनुगमन योजना

- कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पछी सोको व्यवहारिक प्रयोगको पुष्ट्याइको आधारमा सम्बन्धित सेवा प्रदायकलाई अन्तिम भुक्तानी गरिनेछ।
- स्पेसिफिकेशन अनुरुपको सफ्टवेयर निर्माण गरी औपचारिक हस्तान्तरण गर्ने।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन पैदावार विकास समिति
बबरमहल, काठमाडौं
email: fpdb2033@gmail.com

पं.सं प्र २०८२।०८३
च.नं. ६

मिति : २०८३/४/८

विषयः कार्यदल गठन गरिएको बारे ।

श्री सागरनाथ वन विकास परियोजना, सर्लाही
श्री रतुवामाई वृक्षारोपण आयोजना, केरखा, झापा

प्रस्तुत विषयमा तहाँ कार्यालयहरुबाट आ.व. २०८३/०८४ मा संचालन हुने वार्षिक कार्यक्रमहरुको कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत "कार्यक्रम संचालन कार्यविधी", आर्थिक कार्यविधी तथा सार्वजनिक खरीद ऐन र नियमावलीको साथै प्रचलित नियम कानूनको परिधि भित्र रही १५ दिन भित्र पेश गर्न तपसिल अनुसारको एक कार्यदल गठन गरिएको व्यहोरा अनुरोध छ। यसका साथै विकास समितिका विनियमहरु समय सापेक्ष संशोधन/परिमार्जन गर्नु पर्ने भएमा सो समेत बुँदा अनुसार राखी पेश गर्नु हुन समेत अनुरोध छ । :तपसिलः

(क) कार्यदल

१. संयोजक/वन अधिकृत श्री खेम विश्वकर्मा, सागरनाथ वन विकास परियोजना,
२. सदस्य/वन अधिकृत श्री भक्ती गौतम, रतुवामाई वृक्षारोपण आयोजना,
३. सदस्य/योजना अधिकृत विशाल हुमागाई, सागरनाथ वन विकास परियोजना,
४. सदस्य/लेखापाल श्री युवराज कार्की, सागरनाथ वन विकास परियोजना,
५. सदस्य/फरेष्टर श्री जीवन पौडेल सागरनाथ वन विकास परियोजना,

(ख)विनियमहरु परिमार्जनको लागि खाका

| दफा नं. | उल्लेख भएको व्यहोरा | परिमार्जन गर्नुपर्ने व्यहोरा | नीतिगत आधारहरु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

धनन्जय लामिछाने
कार्यकारी अध्यक्ष